# सिविन–नेपाल

नेपाल बालमजदूर सरोकार केन्द्र

Child Workers in Nepal Concerned Centre

CWIN

For Children, With Children

P.O.Box: 4374, Chunne Bhairab Marga
Rabibhawan, Kathmandu, Nepal
Tel: 977-1-4282255/ 4278064/ 4271062
Fax: 977-1-4278016
Email: cwin@mos.com.np
URL: www.cwin.org.np


**प्रेस विज्ञप्ति**

मिति:२०७४।०४।३०

## बढी पहिरो प्रभावित बालबालिकाको तत्काल राहतकालागि सिविनको सहयोग

यतिबेर देश प्राकृतिक विपद्को चपेटामा परेको छ । विशेषत: तराई मधेशका अधिकांश जिल्लाहरुमा विगत केही दिनदेखि परेको अविरल बर्षाले हजारौं नेपालीहरु घरबार विहिन बनेका छन्, कैयौंले ज्यान गुमाएका छन् र कैयौं घाइते अवस्थामा रहेका छन् । यसरी बाढी पहिरोबाट प्रभावित हुनेहरुमा बालबालिका, जेष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिलाहरु र अपांगतामा रहेकाहरु सबैभन्दा बढी रहेका छन् । यसक्रममा बालअधिकारको क्षेत्रमा कार्यरत संस्था सिविन नेपालले त्यस क्षेत्रका बालबालिकाको तत्काल राहत सहयोगकालागि विराटनगर, हेटौंडा, नेपालगंज र धनगढीमा सिविनद्वारा सञ्चालित बालहेल्पलाइन १०९८ मा रु. एकलाखका दरले निकासा गरिसकेको जानकारी गराउँदछौं । साथै यी क्षेत्रमा कुनै बालबालिका जोखिममा रहेको थाहा भएमा तत्काल बाल हेल्पलाइनको नम्बर १०९८ मा फोन गरेर जानकारी गराउन पनि सबै समक्ष विनम्र अनुरोध गर्दछौं ।

यस्तो प्राकृतिक विपद् पछिको अवस्थामा विभिन्न सरुवा रोगहरु उत्पन्न हुनसक्ने भएकाले यसको आवश्यक रोकथामकालागि स्वास्थ्य निकायको ध्यानाकृष्ठ गर्दछौं । साथै यस्ता प्राकृतिक विपत्ति पछिको समयमा सहयोग र उद्धारको नाममा बालबालिका बेचविखन, यौन तथा श्रम शोषणसँगै विभिन्न खाले जोखिममा पर्न सक्ने भएकाले यस तर्फ पनि सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछौं ।

यस विपद्मा ज्यान गुमाउने सम्पूर्ण बालबालिका र नेपाली दाजुभाइ दिदीबहिनीहरुको चीर शान्तिको कामना गर्दछौं । साथै घाइते हुनुभएकाहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

कुमार भट्टराई
प्रवक्ता,
सिविन नेपाल ।